actionaid











# मानवीय सहायतामा युवाको नेतृत्व

## सम्बन्धी पाठ्यक्रम

एक्सनएड अन्तर्राष्ट्रिय नेपाल, २०२५

**प्रकाशकः**
एक्सनएड अन्तर्राष्ट्रिय नेपाल, लाजिम्पाट, काठमाडौं, नेपाल
पोस्ट बक्स नं.ः ६२५७
फोनः ०१–४००२१७७
इमेलः mail.nepal@actionaid.org

**नोभेम्बर, २०२५**

यस प्रकाशनमा समावेश मूल सामग्रीको सम्पूर्ण स्वामित्व अधिकार एक्सनएड अन्तर्राष्ट्रिय नेपालसँग सुरक्षित छ । यद्यपि, पाठकहरूले यस सामग्रीलाई विकास सम्बन्धी कार्यक्रमहरूमा गैर–व्यावसायिक प्रयोजनका लागि स्वतन्त्र रूपमा प्रयोग गर्न सक्नेछन् । एक्सनएड अन्तर्राष्ट्रिय नेपालको अनुमति बिना यो सामग्री प्रयोग गर्दा स्रोतको उल्लेख गर्नुपर्नेछ, साथै यस प्रकाशनका सामग्रीहरू तयार पारिएका कागजातको छाप एक्सनएड अन्तर्राष्ट्रिय नेपालमा फर्काउनुपर्नेछ ।

**प्रतिलिपि अधिकार © एक्सनएड अन्तर्राष्ट्रिय नेपाल, २०२५**

यस प्रकाशनमा प्रयोग गरिएका सबै तस्वीरहरू एक्सनएड अन्तर्राष्ट्रिय नेपालको कार्यक्रम क्षेत्रहरूमा सञ्चालन गरिएका कार्यक्रमहरूसँग सम्बन्धित छन् र ती तस्वीरहरू प्रतिलिपि अधिकार नीतिअन्तर्गत सुरक्षित छन् ।

# विषय–सूची


सत्र – १ पाठ्यक्रमको परिचय

सत्र – २ विपद्‌को परिचय

सत्र – ३ विपद्‌मा युवा र नेतृत्व

सत्र – ४ मानवीय सहायतामा वकालत सीप

सत्र – ५ प्रस्तुतकर्ताको निष्कर्ष

सत्र – ६ सिकाइ परीक्षण तथा प्रमाणपत्र

# मानवीय सहायतामा युवाको नेतृत्व सम्बन्धी पाठ्यक्रम


**१. पाठ्यक्रमको परिचय** **१–२**

१.१ प्रस्तुतकर्ताको परिचय १

१.२ पाठ्यक्रमको परिचय १

१.३ तपाँईले यस पाठ्यक्रमबाट के सिक्नुहुनेछ ? १

१.४ सिकाइका उद्देश्यहरू २

**२. विपद्को परिचय** **३–१०**

२.१ सत्रको परिचय ३

२.२ विपद्को परिचय (विपद् भनेको के हो ?) ३

२.३ विपद्का प्रकारहरू ४

२.४ मानवीय सहायताका अवधारणा र सिद्धान्तहरू ५

२.५ मानवीय सहायताको क्षेत्रमा एक्सनएडले गरेका प्रतिवद्धताहरु ७

२.६ मानवीय सहायताको सन्दर्भमा जवाफदेहिता ७

२.७ शक्ति हस्तान्तरण ८

२.८ सत्रको निष्कर्ष ८

२.९ सिकाइ परीक्षण ९

**३. विपद्मा युवा र नेतृत्व** **११–१६**

३.१ सत्रको परिचय ११

३.२ मानवीय सहायतामा नारीवादी नेतृत्व ११

३.३ विपद्को अवस्थामा स्वास्थ, सुरक्षा तथा वातावरण १२

३.४ मानवीय कार्यक्रम चक्रमा युवाको भूमिका १४

३.५ सत्रको निष्कर्ष १५

३.६ सिकाइ परीक्षण १५

**४. मानवीय सहायतामा वकालत सीप** **१७–२३**

४.१ सत्रको परिचय १७

४.२ सञ्चार सीप १८

४.३ स्वयंसेवक र मानवीय सहायतामा स्वयंसेवकको भूमिका १९

४.४ समुदायमा सचेतना कार्यक्रमका लागि कार्ययोजना निर्माण २०

४.५ विपद् व्यवस्थापनको नीतिगत व्यवस्था २१

४.६ सत्रको निष्कर्ष २२

४.७ सिकाइ परीक्षण २३

**५. प्रस्तुतकर्ताको निष्कर्ष** **२४**

**६. सिकाइ परीक्षण तथा प्रमाणपत्र** **२५–२७**

# पाठ्यक्रमको परिचय

सत्र
१

## १. परिचय

१.१ प्रस्तुतकर्ताको परिचय

१.२ पाठ्यक्रमको परिचय

१.३ तपाँईले यस पाठ्यक्रमबाट के सिक्नु हुनेछ ?

१.४ सिकाइका उद्देश्यहरू

### १.१ प्रस्तुतकर्ताको परिचय

नमस्कार ! तपाँईलाई "मानवीय सहायतामा युवाको नेतृत्व" सम्बन्धी पाठ्यक्रममा स्वागत छ । यस पाठ्यक्रममा तपाँईले विपद्को परिचय, विपद्का प्रकारहरू तथा तिनले निम्त्याउने समस्याहरू, विपद्को बेलामा मानवीय सहायता, मानवीय कार्य, जवाफदेहिता, विपद् व्यवस्थापनका चक्रमा महिला तथा युवाहरूको भूमिका, मानवीय सहायतामा वकालत सीप, स्वयंसेवकको भूमिका, सचेतना कार्यक्रमका लागि कार्ययोजना तयारी, विपद् ब्यवस्थापनमा नीतिगत व्यवस्था र संरचना आदि सम्बन्धी विभिन्न जानकारीहरु पाउनुहुनेछ ।

यो पाठ्यक्रमको अध्ययन गरिसकेपछि अन्त्यमा तपाँईले सिकेका ज्ञानको मूल्यांकन पनि गरिनेछ । जसका लागि मूल्यांकन खण्डमा भएका बहुवैकल्पिक प्रश्नहरू मध्ये तपाँईले सबै भन्दा उपयुक्त जवाफमा चिन्ह लगाई आफ्नो सिकाइको परीक्षा गर्नुहुनेछ । ती प्रश्नहरू तपाँईको सिकाइलाई सुदृढीकरण गर्न र तपाँईको प्रगति कत्तिको भैरहेको छ भन्ने जान्नका लागि मात्र हुनेछन् ।

### १.२ पाठ्यक्रमको परिचय

विपद्बाट सिर्जित मानव कल्याणकारी कार्यमा युवाहरूको स्वंयसेवकको भूमिकालाई थप प्रभावकारी र सशक्त बनाउँदै स्थानीय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यमा युवाको संलग्नता र नेतृत्वलाई प्रवर्द्धन गर्न यस पाठ्यक्रमले मद्दत पुयाउनेछ । यसका साथै एक्सनएड नेपाल र स्थानीय साझेदार संस्थाबाट संचालित स्थानीय अधिकार कार्यक्रमका साथै स्थानीय पालिकाहरूले संचालन गर्ने कार्यहरूमा पनि पाठ्यक्रमले क्षमता विकास गरेको युवाहरूको सहभागिता रहनेछ ।

यो पाठ्यक्रम एक्सनएड नेपालले विपद्का बेला स्वंयमसेवी रुपमा योगदान दिन चाहनेहरुका लागि तयार गरेको हो ।

### १.३ तपाँईले यस पाठ्यक्रमबाट के सिक्नु हुनेछ ?

यो पाठ्यक्रमको अन्त्यमा तपाँईले विपद् सम्वन्धी विषयहरूको जानकारी लिनुका साथै विपद्को बेलामा मानवीय सहायताको व्यवस्था कसरी गर्ने, मानवविय सहायताका कामहरुमा महिला नेतृत्वलाई कसरी सक्षम बनाउने, मानवीय सहायतामा वकालत कसरी गर्ने तथा सञ्चारको सीप कसरी विकास गर्ने भन्ने कुराका साथै विपद्मा स्वयंसेवकको भूमिका के हुन्छ वा हुनुपर्दछ भन्ने कुराहरू सिक्नुहुनेछ ।

## १.४ सिकाइका उद्देश्यहरू

- समुदायमा रहेका युवाहरूलाई विपद् व्यवस्थापन तथा मानवीय सहायतामा स्वयंसेवीको रूपमा नेतृत्व लिई काम गर्न सक्ने क्षमता अभिवृद्धि गर्ने ।
- समुदाय तहका युवा स्वयंसेवकहरूलाई स्वयंसेवा, युवा तथा विपद् व्यवस्थापन, मानवीय सहायता र नारीवादी नेतृत्वका बारेमा जानकार बनाउने ।
- युवा स्वयंसेवक विशेष गरी युवा महिलाको नेतृत्व विकास गरी स्थानीय तहमा हुने विपद् सहायताका साथै सामुदायलाई विपद् उत्थानशील बनाउन सहयोग गर्ने ।
- साथै, नेपाल सरकारले निर्माण गरेका नितीहरु तथा सो नीतिमा रहेर कसरी बिपद् व्यवस्थापनको सरकारी संयन्त्रहरु बनेका छन् र ति संयन्त्रहरुसँग मिलेर कसरी काम गर्न सकिन्छ भन्ने कुराहरु बारे जानकार हुने ।

—ooo—



# विपद्को परिचय

सत्र
२




## १.१ सत्रको परिचय

नमस्कार तपाँईलाई “मानवीय सहायतामा युवाको नेतृत्व” सम्बन्धी पाठ्यक्रममा स्वागत छ। यस पाठ्यक्रमको विपद्को परिचय भन्ने सत्र मा तपाँईले विपद्को परिचय, विपद्का प्रकारहरू, मानवीय सहायताका अवधारणा र सिद्धान्तहरू, मानवीय जवाफदेहिता, शक्ति हस्तान्तरण र विपद्मा महिलाको नेतृत्वको जानकारी पाउनुहुनेछ। यस सत्रमा सिकेका कुराहरूबाट विपद्मा परेको बखतमा आवश्यक मानवीय सहायता पुर्‍याउन तथा विपद्बाट निम्तिने समस्याहरूलाई न्यूनीकरण गर्न तपाँईहरूलाई सजिलो हुनेछ । आउनुहोस् अबसत्र का विषयवस्तुतर्फ लागौं ।

## १.२ विपद्को परिचय

### विपद् भनेको के हो ?

संसारमा हरेक किसिमका घटनाहरू घटिरहेका हुन्छन् । बाढी, पहिरो, भूकम्प जस्ता घटनाहरू नराम्रा र दुःखदायी घटनाहरु हुन् । यस्ता विनाशकारी घटनाबाट हुनसक्ने मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षतिले गर्दा सामाजिक प्रक्रिया अवरुद्ध हुने गम्भीर प्रकोपजन्य घटनालाई विपद् भनिन्छ ।

प्रकोपले विकराल रूप ग्रहण गरेपछि विपद्को सिर्जना हुन्छ । प्रकोपका कारण विपद्को घटना हुन्छ । त्यसकारण सबै विपद् प्रकोप हुन् तर सबै प्रकोप विपद् हुँदैनन् । एउटा प्रकोपले विपद् त्यतिबेला उत्पन्न

गर्न सक्छ जुनबेला प्रकोपले समाजलाई प्रभावित बनाउँछ र उत्पन्न परिस्थितिलाई समाजले आँफैं सम्हाल्न नसक्ने अवस्था आउँछ ।

हाम्रो देश नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, शीतलहर, हिमताल विष्फोटको बढी जोखिममा रहेको मुलुक मानिन्छ । जलवायु परिवर्तनका कारण पनि प्रतिकूल प्रभावबाट नेपाल संवेदनशील अवस्थामा रहेको छ । यसका अतिरिक्त नेपालमा सडक दुर्घटना, भू–क्षय, शीतलहर, हिमतालविष्फोट, हिमपहिरो, भोकमरी, हुरीबतास, वन्यजन्तुको आक्रमण, औद्योगिक दुर्घटना, चट्याङ, असिना वर्षा, लू (तातो हावाको लहर), औद्योगिक तथा रासायनिक दुर्घटना, भागदौड, सामाजिक द्वन्द्वसँग सम्बन्धित विपद्का घटनाहरू पनि हुने गरेको पाइन्छ ।

केही वर्ष अगाडि अर्थात् २०७२ सालमा नेपालमा ठुलो भूकम्प गएको घटना सबैलाई ताजा नै छ । त्यसरी नै तराईतिर कहिले ठूलो बाढी आएर घरहरू डुबाएको, मानिसको ज्यान गएको धन सम्पत्ति बगाएको पनि देखिएको र सुनिएको छ । कहिलेकाँहि पहाडी भेगतिर ठुल–ठुला पहिरोहरूले त्यसरी नै धेरै मानिसको ज्यान गएको सम्पत्ति नष्ट भएको अवस्था पनि छ । हिमालतिर हिमपहिरो गएर पनि कहिले ठुलो क्षति हुन्छ । कतिपय ठाउँमा आगलागी भएर गाँउ बस्ती नै सखाप हुन्छ । यस्ता बाढी पहिरो भूकम्प आगलागी जस्ता घटनाले गर्दा धेरै मानिसको मृत्यु हुन पुग्दछ । धेरै घाइते हुन पुग्दछन्, ठुलो धन सम्पत्तिको नास हुन्छ र मानिसको जीवनमा यसले ठुलो असर पार्दछ, वातावरणमा असर पार्दछ । यस्ता घट्नाहरू प्रकोपका घटना हुन् । उदाहरणका रूपमा वि.सं. १९९० माघ २ को भूकम्प, वि.सं. २०५० मा मध्य नेपालमा आएको बाढी, वि.सं. २०४५ भाद्र ५ को भूकम्प, २०६५ भाद्रमा कोसीमा आएको बाढीलाई लिन सकिन्छ । यी घटनाहरूमा नेपालले ठूलो जनधनको क्षति व्यहोरेको छ । अहिले विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारी पनि एक किसिमको प्रकोप नै हो । यस्तो अवस्थामा व्यक्ति वा समुदाय एक्लैले त्यसको सामना गर्न सक्दैन र समुदायलाई सहयोगको आवश्यक पर्दछ ।

## १.३ विपद्का प्रकारहरू

विपद्हरू प्राकृतिक कारण र मानवीय कारण दुवैले हुने गर्दछन् । कुनै विपद्का घटनाहरू सुस्तरी बढ्दै जाने र कुनै छोटो रूपमा नै उत्पन्न हुने हुन्छन् । यी नै अवस्थाका आधारमा विपद्लाई विभिन्न प्रकारमा बाढ्ने गरिएको छ ।

### क) प्राकृतिक :

भुकम्प अतिवृष्टि, खडेरी बाढी, पहिरो, हिमताल फुट्ने, हिमपहिरो हुरी बतास, आँधी बेहरी, चट्याङ, महामारी, अनिकाल, आगलागी जस्ता घटनाहरू प्राकृतिक कारणले हुने विपद्हरू हुन् । संसारमा कतिपय ठाउँमा ज्वालामुखी हुन्छन् । समुद्रहरूमा ठुला ठुला छालहरू आउँछन् सुनामी आउँछन् ती सबै प्राकृतिक कारणबाट आउने विपद्का घटनाहरू हुन् । यस्ता विपद्हरूलाई प्राकृतिक प्रकोप भनिन्छ ।

ख) मानव सृजित :कति पय विपद्हरू मानिसको आफ्नै कारणले हुन आउँछन् । जस्तैः सवारी दुर्घटना, औद्योगिक दुर्घटना, हुल दंङ्गा, आगलागी आदि ।

कतिपय प्रकोपका घटनाहरू भने प्राकृतिक र मानवीय दुवै कारणले घट्ने हुन सक्दछन् । जस्तैः आगलागी, डँढेलो, सडक दुर्घटना, पहिरो आदि ।

**प्रकोपका अवस्थाहरू :**

सुस्तरी बढ्दै जाने प्रकोपः केही प्रकोपका घटनाहरू ढिलो तथा सुस्त गतिमा विकसित भई लामो समयपछि प्रभाव देखापर्ने प्रकोपलाई सुस्तरी उत्थान हुने प्रकोप भनिन्छ । जस्तैः– खडेरी, भोकमरी, मरूभूमीकरण आदि ।

तीब्र उत्थान हुने प्रकोपः प्राकृतिक तथा मानवीय कारणले ज्यादै छोटो समयमा उत्पन्न हुने प्रकोपहरु तीब्र उत्थान हुने प्रकोपका घटनाहरू हुन् । त्यस्ता अवस्थाहरू बाढी, पहिरो, भूकम्प, ज्वालामुखी आदि हुन् ।

त्यस्तैगरी प्रकोपका किसिमहरूलाई तलको जस्तो गरी विभिन्न भागमा छुट्याएर हेर्न सकिन्छ :

(क) भौगर्भिक प्रकोप – भुइँचालो, ज्वालामुखी

(ख) जलउत्पन्न प्रकोप – बाढी/पहिरो, कटान/डुवान, हिमपात, असिना, हिमताल विष्फोट

(ग) जलवायुजन्य प्रकोप – हुरीबतास, समुद्री आँधी, चट्याङ्ग, शीतलहर, तातो हावा (लु), खडेरी

(घ) जैविक प्रकोप – बन्यजन्तु आक्रमण, महामारी, किराको आक्रमण

(ङ) उद्योग एवं प्रविधिजन्य प्रकोप – यातायात, औद्योगिक तथा रासायनियक दुर्घटनाहरू

(च) खाद्यउत्पन्न प्रकोप – भोकमरी, कुपोषण

(छ) अग्नीउत्पन्न प्रकोप – आगलागी, डढेलो

(झ) मानवकृत प्रकोप – सामाजिक द्वन्द्व, युद्ध, हुलदंगा तथा भागदौड आदि ।

## १.४ मानवीय सहायताको अवधारणा र सिद्धान्त :

आपत्कालीन अवस्थामा जनधनको सुरक्षा गर्ने तथा सेवा प्रदान गर्ने कार्यहरू मानवीय सहायताका कार्यहरू हुन् । प्रकोप वा विपद्का समयमा यस्ता कार्यहरूको ठूलो महत्व हुन्छ । जसमा समुदाय स्तरका युवा र तिनीहरुको सन्जालहरुको भूमिका महत्वपूर्ण हुन्छ ।

आपत्कालीन मानवीय सेवा कार्यमा विभिन्न संस्थाहरू, जस्तैः नागरिक प्रशासन र नागरिक सुरक्षा प्रदान गर्ने निकायहरू, स्वयंसेवी समूहहरू, प्रहरी, अग्नी नियन्त्रण सेवा, एम्बुलेन्स, प्राथमिक तथा आपत्कालीन उपचार सेवादिने संस्थाहरू, रेडक्रस सोसाइटीहरू, विद्युत, यातायात, सञ्चार वा अन्य सेवाहरू दिने संस्थाहरू संलग्न हुन सक्दछन् ।

प्रकोपबाट निम्तिने समस्याहरूको रोकथाम, प्रतिकार्य तथा पुनस्थापनाका विभिन्न अवस्थामा मानवीय सहायताको आवश्यकता पर्दछ । यस्ता क्रियाकलापहरूले प्रकोप तथा विपद् व्यवस्थापनमा सहयोग पुर्याउँदछन् । यस्ता कार्यहरू मानवीय सिद्धान्तहरूको आधारमा गरिन्छन् । अन्तराष्ट्रिय रेडक्रस समितिका अनुसार मुख्य मानवीय सिद्धान्तहरु निम्न अनुसार रहेका छन् । जस्तै :

**क)** **मानवता :** जुनसुकै ठाउँमा भएपनि असजिलो अथवा कष्टको अवस्थामा रहेका मानिसहरुलाई धयान दिनुपर्दछ । मानवीय कार्यको उद्देश्य नै स्वास्थ र जीवनको रक्षा हो ।

**ख)** **तटस्थता :** मानवीय कार्यमा सहभागी हुने व्यक्तिले कुनै पनि राजनीति, जाति, धर्म, वर्ण आदिको पक्ष लिनु हुँदैन ।

**ग)** **पक्षपातरहितता :** मानवीय कार्यमा आवश्यकताको आधारमा सेवा गर्नुपर्दछ र कुनै जात जाति, लिङ्ग, वर्ण, धर्मको आधारमा भेदभाव नगरी घटनाको प्राथमिकताको आधारमा कार्य गर्नुपर्दछ ।

**घ)** **स्वतन्त्रता :** मानवीय कार्यहरु राजनीतिक आर्थिक आदि हिसाबले स्वायत्त र स्वशासित हुनुपर्दछ । कसैको अधिन वा प्रभावमा रहनुहुँदैन ।

सम्भावित विपद्को जोखिम र त्यसबाट हुने सम्भावित क्षतिलाई कम गर्न तथा विपद्को समयमा आपत्कालीन कार्यसम्पादन गर्न जस्तोः उद्धार, राहत जस्ता प्रतिकार्य, प्रतिकार्यका लागि पूर्वतयारी, विपद् जोखिम न्यूनीकरणका कार्यहरू गर्न र विपद् पश्चात् पुनःस्थापना तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न विपद् व्यवस्थापनको आवश्यकता पर्दछ ।

विपद् जोखिम व्यवस्थापनको चक्रलाई मुख्यतया तीन भागमा विभाजन गर्न सकिन्छ ।

१. विपद् पूर्वको अवस्था

२. विपद् घटनाको अवस्था

३. विपद् पश्चातको अवस्था

प्रकोप अर्थात विपद् व्यवस्थापनका चरणमा निम्न मानवीय कार्यहरू गर्न सकिन्छ । जस्तै :

**विपद्पूर्वको अवस्थाको चरण :**

विपद्को अवस्था आउनुभन्दा अगाडि नै गरिने कार्यहरू यस्ता कार्यहरू हुन् । जस्तै :

१. जनचेतना अभिवृद्धि गर्ने ।

२. विपद् व्यवस्थापनका लागि मानिसहरूको क्षमता विकास गर्ने । जस अन्तरगत :

- विपद् व्यवस्थापन सम्बन्धी तालिम दिने,
- विपद्को स्थितिको पूर्व लेखाजोखा गर्ने
- आकस्मिक अवस्थाको लागि योजना गर्ने आदि पर्दछन् ।

३. प्रकोपको नक्शांकन गर्ने

४. भौतिक संरचनाहरू तयार गर्दा मापदण्डको पालना गर्ने, गर्न लगाउने ।

५. घरहरू सुरक्षित स्थानमा सार्ने

६. विमा गर्ने ।


**विपद् घटनाको अवस्थाको चरण**

प्रकोपका घटनाहरू घटेको अवस्थामा उद्दारका लागि गरिने क्रियाकलापहरू यस्का कार्यहरू हुन् । जस्तैः तत्काल स्वास्थ सुरक्षाका कामहरू गर्ने मानिसहरूको जीवनको सुरक्षा गर्ने, आवश्यक सुचनाहरू प्रदान गर्ने । सुरक्षित ठाउँ सम्म लैजाने आदि ।

**विपद् पश्चात वा पुनस्थापनाको चरण :**

राहतका कार्यहरू तथा पुनस्थापनाका लागि अस्थायी शिविरहरू तयार गर्ने, संरचनाहरूको निर्माण गर्ने कार्यहरू आदि पुनर्स्थापनाका चरणका कार्यहरू हुन् ।

प्रकोप वा विपद्का विभिन्न अवस्थामा गरिने माथि उल्लेखित कार्यहरू मानवीय कार्यहरू हुन् । यस्ता



अवस्थामा जो कोही पनि मानवीय हिसाबले तयार हुनुपर्दछ । सहयोगमा जुट्नु पर्दछ । प्रकोपमा मानवीय कार्यमा जुट्दा निम्न कुराहरूमा विशेष ध्यान दिनुपर्दछ ।

१. कसैलाई, भेदभाव, पक्षपात गर्नुहुदैन ।

२. संकटमा रहेका सबै मानिसप्रति मानवीय व्यवहार गर्नुपर्दछ ।

३. कसैलाई धर्म प्ररिवर्तन गर्न लगाउने वा उसको संस्कार संकृति विरूद्धको काम गर्न बाध्य पार्न हुदैन ।

४. मानबिय कार्य गर्दा भ्रष्टाचार गर्नु हुँदैन र भएको खन्डमा यसका बिरुद्द खबरदारी गर्नु पर्छ ।

५. कुनै पनि प्रकारको यौन दुरुत्साहन, शोषण र दुर्व्यवहार (बालबालिका तथा जोखिम अवस्थाका वयस्कमा हुने दुर्व्यवहार सहित) रोक्ने तथा त्यस्ता कुनै घटनाहरु भएको खण्डमा सम्बन्धित निकायमा खबर गर्ने ।

६. एक्सनएड कुनै पनि प्रकारको यौन हिंसालाई मानव अधिकारको जघन्य उल्लंघनको रूपमा हेर्दछ । हामी आफ्ना कर्मचारीहरू वा अन्य प्रतिनिधिहरुले कामको सिलसिलामा सम्पर्कमा आउने कसै माथी कुनै पनि प्रकारको यौन दुरुत्साहन, शोषण वा दुर्ब्यवहारलाई सहने छैन ।

## १.५ मानवीय सहायताको क्षेत्रमा एक्सनएडले गरेका प्रतिवद्धताहरुः

एक्सन एड मानवीय कार्यमा संलग्न संस्था हो । मानवीय कार्यसम्वन्धी प्रतिवद्धतामा एक्सन एडले हस्ताक्षर गरेको छ । जसमा स्थानीय विपद् व्यवस्थापनकर्ताहरुमा शक्ति हस्तान्तरण, प्रकोपबाट प्रभावित सदस्यहरुप्रति उत्तरदायित्व र महिलाहरुको नेतृत्व रहेका छन् ।

**१. स्थानीय कार्यकर्तामा शक्ति हस्तान्तरणः**

मानवीय कार्यहरुमा स्थानीय संघसंस्थामा एक्सन एडको उपस्थिति हुनेछ । एक्सन एडले तिनीहरुको क्षमता बढाउनेछ र स्रोत तथा अवसरहरुको पहुँच वृद्धिमा सघाउनेछ ।

**२. महिलाको नेतृत्व :**

महिलाहरु आकस्मिक अवस्थामा धेरै प्रभावित हुने हुनाले एक्सन एड उनीहरुमा शक्ति हस्तान्तरण भएको सुनिश्चित गर्दछ र उनीहरुको अधिकार बढाउँदै नेतृत्व गर्न सक्षम बनाउँदछ ।

**३. प्रभावित समुदायप्रति उत्तरदायित्व :**

एक्सन एड स्थानीय समुदायसँग काम गर्दछ । सबै सरोकारवाला तथा समुदायहरुप्रति उत्तरदायी र जिम्मेवारपूर्ण भै सहयोग गर्दछ ।

## १.६ मानवीय सहायताको सन्दर्भमा जवाफदेहिता :

प्रकोपका अबस्थाहरूमा व्यवस्थापनका कार्यहरू गर्दा भद्रगोलको अवस्था आउन सक्दछ । मानवीय उद्दारका लागि उपलब्ध सामानहरू उचित ठाउँमा पुग्न नसक्ने, सही तरिकाले बितरण हुन नसक्ने । जस्ता अबस्थाहरू आइपर्न सक्छन् । बिरामी बालबच्चाहरू छुट्न सक्दछन् । यसको प्रतिकार्य तथा न्यूनीकरणका कार्यहरूमा पक्षपात हुनसक्ने, सेवा छिटो छरितो हुन नसक्ने अवस्था आउन सक्दछ । त्यस्तो अवस्थामा मानवीय कार्यमा जुट्ने व्यक्तिहरू, संस्था वा निकायहरूले निम्न व्यक्तिहरू वा संस्थाहरूप्रति पूर्ण जवाफदेही वा उत्तरदायी हुनुपर्दछ । जस्तै :

१. प्रभावित व्यक्तिहरू वा समुदायप्रति

२. मानवीय कानुन तथा नीति नियमप्रति

३. सरकारप्रति

४. दातृ संस्थाहरूप्रति

५. सहयोगी अन्य व्यक्ति वा संस्थाहरूप्रति

मानवीय कार्यमा संलग्न व्यक्तिहरुले यस्ता जोखिमहरूमा यथार्थ घटनाहरूको टिपोट गर्नुपर्दछ । साथै जवाफ देहिताको सन्दर्भमा निम्न कुराहरुलाई ध्यान दिनु पर्दछ :

१. मानवीय प्रतिकार्यको कामहरु गर्दा सबै कुराको पार्दर्शिताका विधिहरु अपनाउनु पर्छ जस्तैः मुल्य सुचीहरु राख्ने, परियोजनाको बजेट बारे अवगत गराउने, खर्च बिवरणहरुको फेहरिस्त राख्ने, साथै जुन सुकै कार्यक्रमिक प्रकृयाको बारेमा सम्बन्धित सबैलाई जानकारी गराउने ।

२. मानवीय प्रतिकार्यको कामहरु गर्दा समुदाय तथा सरोकारवालाहरुको कुनै जिज्ञासा तथा सुझावहरु हुन सक्छन् जस्लाई सुन्ने र त्यस्ता जिज्ञासा तथा सुझाबहरुको उचित सम्बोधन गर्ने र सो अनुसार सुधार गर्ने ।

३. मानवीय प्रतिकार्यका कामहरुको समयमा मुल्याङ्कन गर्ने र मुल्याङ्कनको क्रममा आएको कुराहरु लाई पारीमार्जन गर्दै जाने ।

४. हरेक मानवीय प्रतिकार्यको काम गर्दा सम्बन्धित निकायबाट अनुमति लिने र सोही बमोजिम कार्यलाई अघि बढाउने ।

## १.७ शक्तिको हस्तान्तरण

साधारणतया, मानवीय प्रतिकार्य राष्ट्रिय स्तरका संघ सस्थाहरुबाट हुने गरेको पाइन्छ । जबकि, स्थानीय स्तरमा प्रतिकार्य गर्दा त्यहाँकै संघ संस्था तथा समुदायका युवा, नागरिक समूहहरु नै बढी जिम्बेवार हुने पर्ने हो । किनकि, स्थानीयका कुरा अरुलाई भन्दा उनीहरुलाई नै बढी थाहा हुन्छ । समुदायमा को बढी संकटासन्न अवस्थामा छ, उसलाई के कस्तो सहयोगको खाँचो छ भन्ने कुरा स्थानीय समुदायलाई नै बढी थाहा हुन्छ । त्यसैगरी, स्रोतहरुको बाँडफाँडमा पनि स्थानीय स्तरका संघ सस्थाहरुबाट गरेको खर्च अझ बढी पारदर्शी तथा व्यवहारिक हुन्छ । साथै समुदाय स्तरमा हुने प्रतिकार्यमा त्यहा नै बसोबास गर्ने व्यक्तिहरु विशेष गरी महिला तथा युवाहरुको संलग्नता, निर्णय अधिकार र कार्यन्वयन भएमा कार्यक्रमको प्रभावाकारिता अझ राम्रो हुन्छ र स्रोतहरुको जतिसक्दो स्थानीय संघ संस्थाद्वारा नै परिचालन गर्नु राम्रो हुन्छ । यस्ता कारणहरुले गर्दा मानवीय प्रतिकार्यको काम सन्चालन गर्दा निम्न कुराहरुमा ध्यान दिनु उचित हुन्छ :

१. स्थानीय संघ सस्था तथा समुदायको अगुवाइमा मानवीय प्रतिकार्यको योजना बनाउने, योजना कार्यन्वयन गर्ने, कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

२. समुदायका संरचनालाई बढी स्थान प्रदान गर्ने ।

३. साझेदारीमा समान हैसियतमा काम गर्ने ।

४. समुदाय स्तरको संघ संस्थालाई बढी भन्दा बढी श्रोतहरु प्रदान गर्ने र तिनीहरुबाट नै उक्त स्रोतको परिचलन गर्ने ।

५. समुदायका संघ संस्थाकै अगुवाईमा कार्यक्रम सन्चालन गर्ने ।

## १.८ सत्रको निष्कर्ष

हवस् त विपद्को परिचय, यसले निम्त्याउने समस्याहरू, विपद् व्यवस्थापनमा मानवीय सहायता, जवाफदेहिता, महिलाहरूको नेतृत्व यी नै समाग्रीहरूकोसाथ दोस्रो सत्र पूरा भएको छ । यस सत्रमा तपाँईले विपद्को

अवस्था यसको असरको जानकारी लिनुका साथै, विपद् वा प्रकोप व्यवस्थापनका  कुराहरू सिक्नुभएको छ । यो सिकाइले विपद् व्यवस्थापनमा तपाँईलाई सहयोग पुगेको छ भन्ने हामीलाई विश्वास लागेको छ ।

यस सत्रमा तपाँईले सिक्नु भएका कुराहरू फेरि एकपटक संझनुहोस् ।

- मानवीय तथा प्राकृतिक कारणले हुने विनाशबाट मानवीय तथा आर्थिक जीवनमा आइपर्ने गम्भीर घटनाहरू विपद् हुन् ।
- विपद्ले धनजनको ठूलो क्षति हुन्छ र विभिन्न समस्याहरू आउँछन् ।
- विपद् वा प्रकोप आउनु भन्दा अगाडि, प्रकोप भै रहेको अवस्था र प्रकोप पछिको तीनवटै अवस्थामा विपद्को व्यवस्थापन गर्नुपर्दछ ।
- विपद् व्यवस्थापन कार्यमा पक्षपात र भेदभाव हुनु हुँदैन ।
- विपद् व्यवस्थापनमा महिलाहरू बढी संकटको अवस्थामा पर्ने हुनाले उनीहरूलाई अझ बढी ध्यान दिनुपर्दछ ।
- बिपदको समयमा शक्ती र श्रोतको दुरुपायोग हुन सक्छ यो बारेमा अझ बढी ध्यान दिनुपर्दछ ।

अब अर्को सत्रमा हामी विपद्मा महिलाको नेतृत्व, विपद्मा स्वास्थ तथा वातावरण, मानवीय कार्यमा युवाको भूमिका आदिको जानकारी दिनेछौ । अर्को सत्रमा प्रवेश गर्नु अघि तपाँईको सिकाइमा कत्तिको प्रगति भयो भन्ने जान्न यस पछिको सिकाइ परीक्षण खण्डमा भएका प्रश्नहरूको सही उत्तर छान्नुहोला । अब हाम्रो भेट अर्को सत्रमा हुनेछ । नमस्कार ।

## १.९ सिकाइ परीक्षण

तलका वैकल्पिक जवाफहरु मध्ये सबैभन्दा उपयुक्त जवाफमा ठीक चिन्ह (✓) लगाउनु होस् ।

**१. विपद् भनेको के हो ?**

क) जन धनको क्षति गराउने गम्भीर प्रकोपजन्य घटना हो ।

ख) कहिले काँही परिआउने समस्या हो ।

ग) गरिबी र अभाव हो ।

**२. तलका मध्ये कुनचाँहि विपद्को घटना होइन ?**

क) हिमपहिरो

ख) भूकम्पले गराउने क्षति

ग) हड्तालले गराउने क्षति

च) सवारी दुर्घटनाले गराउने क्षति

**३. विपद्ले के के समस्याहरु निम्त्याउँछन् ?**

क) धन जनको हानी नोक्सानी हुन्छ ।

ख) महामारी आउन सक्दछ ।

ग) बाटोघाटोहरु बन्द हुनसक्दछन् ।

घ) माथिका सबै ।

**४. चारवटा मुख्य मानवीय सिद्धान्त भनेका मानवता, तटस्थता, पक्षपात रहितता र..........हुन् ?**

क) राहत वितरण

ख) स्वतन्त्रता

ग) समान व्यवहार

घ) सहकार्य

**५. विपद् व्यवस्थापनमा पर्ने कुरा कुन हो ?**

क) मानिसहरुको क्षमता विकास

ख) विपद् व्यवस्थापनको योजना बनाउने

ग) माथिका दुवै

—ooo—



# विपद्को अवस्थामा युवाको नेतृत्व

सत्र
३



## ३.१ सत्रको परिचय

नमस्कार तपाँईलाई"मानवीय सहायतामा युवाको नेतृत्व"पाठ्यक्रममामा स्वागत छ । यस पाठ्यक्रमको "विपदको अवस्थामा युवाको नेतृत्व" भन्ने सत्रमा तपाँईले विपदका मानवीय कार्यमा युवाको नेतृत्व, मानवीय सहायतामा नारीवादी नेतृत्व, विपद्को अवस्थामा स्वास्थ सुरक्षा तथा वातावरण आदि विषयको बारेमा जानकारी पाउनु हुनेछ । यस सत्रमा सिकेका कुराहरूबाट विपद्मा महिलाहरूको सुरक्षा तथा त्यसको व्यवस्थापनमा उनीहरूको सहभागिता गर्ने, मानवीय सेवाका कार्यमा युवाहरूले पुर्याउनुपर्ने भूमिकाको बारेमा स्पष्ट हुनुका साथै उनीहरूको सहयोग र सहभागितामा विपद् व्यवस्थापनका काम गर्न सजिलो हुनेछ । आउनुहोस् अब सत्रका विषयवस्तुतर्फ लागौं ।

## ३.२ विपद्का मानवीय कार्यमा युवाको नेतृत्व

मानवीय स्वास्थ्य, सुरक्षा, सम्पन्नता आदिमा बाधा पुऱ्याउने अवस्था नै मानवीय संकटको अवस्था हो । आन्तरिक तथा बाह्य द्वन्द, महामारी, प्राकृतिक विपत्तिहरू मानवीय संकट निम्त्याउने कारणहरू हुन् । यस्ता अवस्थामा आधारभूत आवश्यकताहरू, जस्तैः खाना, स्वास्थ्य, पिउने पानी, आवास आदिको अभाव हुन सक्दछ । धेरै मानिसहरू शरणार्थीको रूपमा वस्ती छोडेर टाढा जान सक्ने अवस्था पनि आउन सक्दछ । यस्तो अवस्थामा युवाहरूको नेतृत्व अपरिहार्य रहन्छ ।

राष्ट्रिय युवा परिषद ऐन २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहका महिला, पुरुष तथा तेस्रो लिङ्गीलाई युवा भनेर परिभाषित गरेको छ । यस्तो युवाशक्ति देशको लागि ठुलो सम्पति हो र देशको आर्थिक तथा सामाजिक रुपान्तरणको वाहक पनि हो । आर्थिक र सामाजिक क्षेत्रका साथै मानवीय कार्यका विभिन्न चरणहरुमा अर्थात जुनसुकै असजिलो आइपर्दा युवाहरूले ठुलो योगदान पुऱ्याउन सक्दछन् र पुर्याइरहेका पनि छन् । नेपालमा प्राकृतिक तथा अन्य विपद्का अवस्थाहरूमा जस्तै २०७२ सालको भूकम्प, २०६५ सालमा कोसीमा आएको बाढी आदि जस्ता अवस्थामा पनि युवाहरूको ठुलो सहयोग पुगेको थियो ।

युवाहरूमा सकरात्मक, सद्भाव मानवीय भावना रहेको हुन्छ । उनीहरू उर्जावान् हुन्छन् र आफ्नो जिम्मेवारीप्रति उत्तरदायी पनि हुन्छन् । त्यसैले विपद् अर्थात प्रकोपका अवस्थाहरूमा युवाहरूको सहभागिताले उल्लेखनीय योगदान पुऱ्याउन सक्दछ । युवाहरू चुनौतीहरूसंग जुध्न सक्दछन् । विपद्को अवस्थामा मानवीय कार्यहरूको हरेक चक्रमा युवाहरूको धेरै योगदान हुन सक्दछ । जस्तैः

- रणनीतिक योजनाहरू निर्माण गर्ने ।
- मानवीय सहायताका स्रोत सामग्रीहरूको परिचालन गर्ने ।
- मानवीय कार्यहरूको सञ्चालन कार्यान्वयन गर्ने र तिनीहरूको अनुगमन गर्ने ।
- मानवीय कार्यहरूको सञ्चालन कार्यान्वयन गर्ने र तिनीहरूको अनुगमन गर्ने ।
- मानवीय कार्यहरूको समीक्षा तथा मूल्यांकन गर्ने ।

विपद् व्यवस्थापनमा युवाहरूले गर्ने केही मुख्य कार्यहरू निम्न अनुसार रहेका छन् । जस्तै :

- जनचेतना विस्तार गर्ने, सूचनाहरू आदान प्रदान गर्ने ।
- विपद् व्यवस्थापनका लागि स्थानीय समुदायको क्षमता विकास गर्ने ।
- उद्दारटिमको सदस्य बन्ने ।
- प्राथमिक उपचारको व्यवस्था गर्ने ।
- मानवीय स्रोतको परिचालन गर्ने ।
- रक्तदान गर्ने ।
- सहयोग सामग्रीहरू बनाउने ।
- प्रभावित व्यक्तिहरूलाई सुरक्षित स्थानमा लैजाने ।
- खाना तथा उद्दारका सामग्रीहरूको वितरण गर्ने ।

## ३.३ मानवीय सहायतामा महिलाहरुको नेतृत्व

महिलाहरूले आधा आकाश ढाकेका छन् । यसो भन्नुको अर्थ हो संसारमा माहिलाहरूको संख्या आधा वा सो भन्दा पनि बढी छ । यसो भएर पनि हाम्रो समाजमा महिलाहरूलाई हेर्ने दृष्टिकोण अझैँ फरक छ । महिलाहरू कमजोर छन्, उनीहरू ठुला ठुला समस्याहरूसँग जुध्न सक्दैनन् , नेतृत्व गर्ने क्षमता उनीहरूसँग छैन भन्ने जस्तो गलत सोचाइ समाजमा अझै जरा गाडिरहेको अवस्था देखिन्छ ।

महिलाहरूलाई सामान्य घरायसी काममा मात्र लगाइन्छ । खाना बनाउने, बालबच्चा को हेरचाह गर्ने खेतिपाती दाउरा घाँसको कामगर्ने जस्ता काममात्र महिलाका काम हुन् भन्ने गलत सोच छ । परिवारको धन सम्पत्तिको निर्णय, परिवारका काममा योजना जस्ता विभिन्न पक्षमा महिलाहरूलाई अझ विशेष महत्व दिइँदैन । हरेकदिन पुरूषहरूको भन्दा महिलाहरूले झण्डै दोब्बर बढी काम गर्न पर्दछ । यो लैङ्गिक विभेद हो यस्तो हुनु राम्रो होइन ।

महिलाहरू पुरूषको दाँजोमा बढी सङ्कटको अवस्थामा हुन्छन् । महिलाहरू बढीजसो समय घरमै रहने, विभिन्न काममा समावेश हुनुपर्ने र न्यून आर्थिक स्थिति हुने हुनाले उनीहरू विपद्को उच्च जोखिममा रहेका छन् र विपद्को बढी भार पनि उनीहले नै बहन गर्दछन् । विपद् सम्बन्धी सुचनाको पहुँचमा महिलाहरू नै पछाडि पर्दछन् । गर्भअवस्थामा रहेका महिलाहरू प्रकोपमा बेलामा झन धेरै समस्यामा पर्दछन् । काखमा बालबच्चा हुने महिला प्रायः घरमै, हुने, बालबच्चाको तथा वृद्धवृद्धाहरूको स्याहारमा जुट्नु पर्ने जस्ता कारणहरूले प्रकोपको बेलामा महिलाहरूले बढी समस्या झेल्नुपर्ने हुन सक्दछ । त्यसैले यस्तो अवस्थाबाट महिलाहरूलाई सुरक्षित गर्न विशेष ध्यान दिनुपर्दछ । उनीहरूको क्षमता बढाउनु पर्दछ र विपद् व्यवस्थापनका कार्यहरूमा उनीहरूलाई सहभागी गराउनु अनिवार्य देखिन्छ र मानवीय प्रतिकार्यको काम गर्दा महिलाहरुको नै नेतृत्वमा सन्चालन गर्नुपर्छ ।

पुरुषले मात्र गर्भधारण गराउन सक्ने, महिलाले मात्र बच्चा जन्माउन सक्ने जस्ता केही प्राकृतिक क्षमता वा गुणहरुबाहेक लैंगिक हिसाबमा महिला र पुरूष  सबै समान र सक्षम छन् । त्यसैले अन्य हिसाबमा महिला र पुरुषमा असमानता वा भेद देख्नु गलत सामाजिक सोच र पितृसत्तात्मक संस्कारको दोष मात्र हो ।

समयले त्यस्तो पुरानो सोच र व्यवहारलाई गलत सावित गरिदिएको छ । महिलाहरू अहिले हरेक काममा सक्षम छन् अहिले संसारमा ठुला ठुला कामहरूमा पनि महिलाहरूको सहभागिता छ । महिलाहरू वैज्ञानिक छन,  पाइलट् छन्, डाक्टर छन्, प्राध्यापक छन्, ईञ्जिनियर छन् । राजनीतिका उच्च ओहदासम्मका सबै क्षेत्रमा महिलाहरूको नेतृत्व रहेको अवस्था छ । त्यसैले महिलाहरूपनि सक्षम छन् भन्ने सोच सबैमा आउनु जरूरी छ ।

महिलाहरू केही न केही काम गरिरहेकै हुन्छन् । घर व्यवहारका काममा उनीहरू सँधै व्यस्त रहन्छन् । सँधै गरिरहेकै भएपनि उनीहरूले गरेका काम देखिदैनन् र त्यसको कुनै मूल्यांकन पनि गरिँदैन । ज्यालादारी काममा पनि  उही र उस्तै काममा महिलाहरूलाई कम ज्याला दिइन्छ । यो अवस्थाले महिलाहरूमाथि विभेद भएको देखाउँछ । तर  वास्तविक रूपमा हेर्दा महिलाहरू हरेक काममा उत्तिकै सक्षम छन् । घरायसी काम बाहेक उनीहरू सामाजिक काममा पनि सहभागी हुन सक्दछन् ।

अन्य कामहरूमा जस्तै विपद्को अवस्थामा पनि महिलाहरूले नेतृत्वदायी भूमिका खेल्न सक्दछन् । महिलाहरूको मानवीय सोच र सेवाको भावनाले विपद् व्यवस्थापनमा अझ ठूलो सहयोग पुर्याउँदछ । विपद् वा प्रकोपका तीनवटै अवस्था अर्थात विपद् हुनु अगाडिको,  विपद्को बेलाको र विपद् पछिको पुनस्थापनको अवस्थामा महिलाहरुको नेतृत्व सम्वन्धी एक्सन एडका निम्न अनुसारका १० वटा सिद्धान्तहरुलाई आधारमानी महिलाहरुले नेतृत्व लिन सक्दछन् ।

महिलाहरुको नेतृत्व सम्वन्धी एक्सन एडका १० वटा सिद्धान्तहरु :

१. **आत्मजागरण :** हामीले आफ्ना अहंकारहरुलाई नियन्त्रणमा राख्न सक्यौं भने खुलामन र समभावले नेतृत्वगर्न सक्दछौं । यसका लागि हामीले आफ्ना र अरुका क्षमताहरुलाई सम्मान गर्दै संकटासन्न काम गर्न सक्दछौं ।

२. **आत्म सुरक्षा तथा अरुको सुरक्षा :** हामी हाम्रा मनोभावना र शारीरिक/भौतिक सम्पन्नताको रक्षा गर्नेछौं । हाम्रो उत्प्रेरणाको भित्री शक्तिलाई उजागर गर्दै हामी सकेसम्म राम्रो गर्नेछौं र अरुलाई पनि त्यसै गर्न उत्प्रेरित गर्नेछौं ।

३. **पक्षपात रहितता :** सामाजिक मूल्य मान्यतालाई सम्मान गर्दै हामी हाम्रा कार्यक्षेत्रमा वर्ण, लिङ्ग, जात, धर्म, शिक्षा आदि कुनैपनि हिसाबले कसैलाई पक्षपात नगरी सबैप्रति समभाव राख्ने व्यवहारको अवलम्वन गर्दछौं ।

४. **समावेशिता :** हामी सबै सम्मानित हुने, सबैले अवसर पाउने, सबै सफल हुने अवस्था सिर्जना गर्दछौं । सबै अवस्थाहरुमा मिलेर काम गर्ने वातावरण बनाउने छौं ।

५. **शक्तिको साझेदारी :** नेतृत्वको परीक्षा भनेको अरुलाई पनि नेतृत्व गर्ने अवसर दिने हो भन्ने मान्यतालाई हामी सम्मान गर्दछौं । हामी लक्ष्य प्राप्तिका लागि सँगै कार्य गर्नेछौं, सहकर्मीहरुको सशक्तीकरणको लागि ध्यान दिनेछौं र एक अर्कालाई सम्मान गर्नेछौं ।

६. **शक्तिको पारदर्शी र जिम्मेवारीपूर्ण प्रयोग :** निर्णयहरु गर्दा हामी आपसी सल्लाहबाट नै गर्नेछौं, पारदर्शी हुनेछौं र समयमा नै निर्णय गर्नेछौं । स्रोतहरुको बाँडफाँड गर्दा र नेतृत्वको छनोट गर्दा एक्सन एडको मूल्य मान्यतालाई सम्मान गर्दै स्पष्ट रुपमा गर्नेछौं । हामी हाम्रा निर्णयहरुको बारेमा सबैलाई जानकारी गराउनेछौं ।

७. **उत्तरदायित्वपूर्ण समन्वय :** हाम्रा जिम्मेवारीहरु प्रष्ट विभाजन गरिएका छन् र हाम्रा लक्ष्य प्राप्तिका लागि हामी आफ्ना जिम्मेवारीहरु प्रति पूर्ण उत्तरदायी हुनेछौं र उपलब्धिहरुलाई साझा प्रयासबाट संभव भएको मान्दछौं ।

८. **सम्मानपूर्ण पृष्ठपोषण :** हामी दोहोरो सिकाइलाई सम्मान गर्दछौं र सबैका राम्रा सल्लाह सुझावहरुलाई अवसरको रुपमा लिनेछौं । हामी सबैका कुराहरु सुनेर द्वन्द तथा असमझदारीहरुको समाधान गर्ने कार्य गर्दछौं ।

९. **साहस :** हामी परिवर्तनकारी कार्य गर्दछौं । नयाँ विचारहरुको खोजी गर्दछौं । डरबाट भन्दा भूलबाट सिक्न सकिन्छ भन्ने मान्यतालाई सम्मान गर्दछौं । सबैको सशक्तीकरण चाहन्छौं र विश्वासको वातावरण सिर्जना गर्दछौं ।

१०. **शुन्य सहनशीलता :** हामी हाम्रो कार्यक्षेत्रमा कुनै किसिमको भेदभाव र शक्तिको दुरुपयोग सहँदैनौं र हाम्रो व्यवहारबाट पनि कसैलाई सताउने शोषण गर्ने कार्य गर्दैनौं ।

## ३.४ विपद्को अवस्थामा स्वास्थ, सुरक्षा तथा वातावरण

विपद्को अवस्थामा स्वास्थ्य सुरक्षा ठुलो चुनौतीको विषय हो । प्राकृतिक संरचना वा प्रणाली र मानवीय जीवन पद्दति खलवलिने हुनाले यस्तो परिस्थितिमा स्वास्थ सुरक्षा बढी चुनौतीको विषय बन्न पुग्दछ । स्वस्थ, खानेपानी र आहारको समस्या आउन सक्दछ । हिलो मैलो धुवाँ धूलो आदिले वातावरणीय समस्या निम्त्याउँछ । मानिसहरूको भिडभाड हुने हुनाले रोगहरू फैलन सक्दछन् । खाद्यान्नको अभावले भोकमरी हुनसक्ने, औषधीको अभावमा दीर्घरोगीहरूलाई समस्या हुनसक्ने , गुणस्तरीय खाद्यवस्तु र शुद्ध पिउने पानीको अभावले गर्दा झाडा, पखाला, हैजा आदि समस्याहरू देखिन सक्दछन् । विषालु तथा हिंस्रक जीवजन्तुले डस्ने, टोक्ने खाने जस्ता समस्याहरू पनि आउँछन् । ज्वरो टाइफाइडजस्ता रोगहरू, देखिन सक्कछन । गर्भवती महिलाहरूमा गर्भ तुहिने तथा अन्य यौनजन्य समस्याहरू देखिन सक्दछन् । तनाव, चिन्ता जस्ता मानसिक रोगहरू देखिन सम्दछन् । त्यसैले स्वास्थ सुरक्षा विपद् व्यवस्थापनको महत्वपूर्ण पक्ष हो । यसका लागि निम्न अनुसारका कार्यकमहरू सञ्चालन गर्नुपर्दछ ।

१. शुद्ध पिउने पानीको आपूर्ति व्यवस्था मिलाउने

२. वातावरणीय र व्यक्तिगत सरसफाइका लागि जनचेतना विस्तार गर्ने तथा वातावरण सरसफाइमा जोड दिने । जस्तै :

- फोहोरहरूको व्यवस्थापन गर्ने ।
- पोषणयुक्त खानेकुराहरू/ खाद्यान्नहरूको व्यवस्था गर्ने,
- स्वास्थ्य जाँच शिविरहरूको व्यवस्था मिलाउने,
- सरुवा रोगहरूको नियन्त्रण गर्ने, औषधीको आपुर्ति र वितरण गर्ने ।
- मानवीय सद्भाव समन्वय कायम राख्ने,

- पानी उमालेर, छानेर, पियुषहरू हालेर शुद्ध गर्ने,
- विपद् स्वास्थ्य सुरक्षा योजना वा रणनीति तयार गर्ने

प्राकृतिक स्रोतहरूमा विपद्ले झन् धेरै क्षति पुर्याउन सक्दछ । जसले गर्दा वातावरणको दिगोपनामा कमी ल्याउँदछ । त्यसैले प्रकोप वा विपद्का अवस्थाहरूमा स्वास्थ सुरक्षा साथै वातावरण संरक्षणमा पनि विशेष ध्यान दिनुपर्दछ ।

## ३.५ सत्रको निष्कर्ष

हवस् त, विपद्को अवस्थामा मानवीय सहायता, नारी वा महिलाको नेतृत्व, स्वास्थ सुरक्षा तथा वातावरण, मानवीय कार्यक्रम चक्रमा युवाको भूमिका जस्ता सामग्रीहरुको साथ साथै तेस्रो सत्र पनि पूरा भएको छ । यस सत्रमा तपाँईले विपद्को अवस्थामा स्वास्थ सुरक्षा गर्ने उपायहरु र महिला तथा युवाहरुले गर्नसक्ने कार्यहरुको बारेमो जानकारी लिनु भएको छ । यो सिकाइले विपद् व्यवस्थापनमा महिलाहरु तथा युवाहरुको सहभागीता बढाउन सहयोग पुग्नेछ भन्ने हामीलाई विश्वास लागेको छ ।

यस सत्रमा तपाँईले सिक्नु भएका कुराहरू फेरि एकपटक संझनुहोस् ।

- विपद् तथा प्रकोपका घटनाहरुमा मानवीय सेवा सहयोगका कार्यहरु गर्न महिलाहरु सक्षम छन् र नेतृत्व लिन सक्दछन् ।
- विपद् वा प्रकोपको अवस्थामा स्वास्थ सुरक्षा तथा वातावरणमा विशेष ध्यान दिनुपर्दछ ।
- विपद् वा प्रकोपको व्यवस्थापनमा युवाहरुले ठूलो योगदान पुर्याउन सक्दछन् ।
- विपद् वा प्रकोपको व्यवस्थापनमा महिलाहरू तथा युवाहरूको सहभागीता अपरिहार्य छ ।

अब अर्को सत्रमा हामी मानवीय सहायतामा वकालत तथा सञ्चार सीप, मानवीय सहायतामा स्वयंसेवकको भूभिका, विपद् सचेतनाका लागि कार्ययोजना निर्माण आदिको बारेमा जानकारी दिनेछौ । अर्को सत्रमा प्रवेश गर्नु अघि तपाँईको सिकाइमा कत्तिको प्रगति भयो भन्ने जान्न यस पछिको सिकाइ परीक्षण खण्डमा भएका प्रश्नहरूको सही उत्तर छान्नुहोला । अब हाम्रो भेट अर्को सत्रमा हुनेछ । नमस्कार ।

## ३.६ सिकाइ परीक्षण

तलका वैकल्पिक जवाफहरु मध्ये सबैभन्दा उपयुक्त जवाफमा ठीक चिन्ह (✓) लगाउनु होस् ।

**१. विपद्को अवस्था महिलाहरु सक्षम हुँदैनन् भन्ने सोच के हो ?**

क) परम्परावादी सोच

ख) पितृसत्तात्मक सोच

ग) भेदभावको सोच

घ) माथिका सबै

**२. विपद्को अवस्थामा स्वास्थ तथा वातावरणको सुरक्षा गर्न मुख्य के गर्नुपर्दछ ?**

क) जनचेतना विस्तार

ख) स्वास्थ सरसफाइ र मानवीय सद्भावको विकास

ग) शुद्ध पिउने पानी

**३. महिलाहरुको नेतृत्व सम्वन्धमा एक्सन एडका ........ वटा सिद्धान्तहरु छन् ?**

क) ८ वटा

ख) १० वटा

ग) १२ वटा

**४. विपद् व्यवस्थापनमा युवाहरुले के काम गर्न सक्दछन् ?**

क) विपद् व्यवस्थापनको योजना

ख) उद्दार तथा प्राथमिक उपचार

ग) व्यवस्थापन टिमसँग समन्वय गर्न

घ) माथिका सबै ठीक हुन् ।

**५. तलका कुनचाँहि महिलाहरुले गर्न नसक्ने काम हो ?**

क) जनचेतना विस्तार

ख) बच्चा जन्माउने

ग) विरामीहरुको हेरचाह

घ) गर्भधारण गराउने

—ooo—



# मानवीय सहायतामा वकालत सीप

सत्र ४




## ४.१ सत्रको परिचय

नमस्कार तपाँईलाई"मानवीय सहायतामा युवाको नेतृत्व"पाठ्यक्रममा स्वागत छ । यस पाठ्यक्रमको "मानवीय सहायतामा वकालत सीप" भन्ने सत्रमा तपाँईले सञ्चार सीप, मानवीय सहायतामा स्वयंसेवकको भूमिका, विपद् सचेतनाका लागि कार्ययोजना निर्माण आदिको बारेमा जानकारी पाउनु हुनेछ । यस सत्रमा सिकेका कुराहरूबाट विपद् वा प्रकोपको अवस्थामा सूचना सञ्चारको के कस्तो भूमिका हुन्छ , सूचना सञ्चारलाई कसरी प्रभावकारी बनाउने भन्ने कुराहरु र विपद्मा मानवीय सहायतामा स्वयंसेवकको भूमिका, विपद् सचेतना कार्यक्रमका लागि कार्ययोजना निर्माण सम्वन्धी विषयहरुले विपद् व्यवस्थापनका काम गर्न तपाँईहरूलाई सजिलो हुनेछ । आउनुहोस् अब सत्रका विषयवस्तुतर्फ लागौं ।

### वकालत सीप भनेको के हो ?

विपद् व्यवस्थापन एउटा मानवीय कार्य हो । यस्ता मानवीय कार्यका लागि सरोकारवाला निकायहरूलाई आफ्ना जिम्वेवारी पूरा गर्न झक्झक्याउनु, सचेत गराउन सहयोग गर्नु र सोसँग सम्बन्धित पक्ष अर्थात सेवा लिने मानिसहरू र सर्वसाधारण नागरिकहरूलाई सेवा लिन सक्ने बनाउने, जागरुक बनाउने, सेवामा पहुँच पुर्याउन सहयोग गर्ने कार्यहरू नै वकालत सीप हो । यसले नागरिकहरूका अधिकारहरूको बारेमा सर्वसाधारणलाई जानकारी गराउन र सेवाप्रदायकहरूलाई आफ्नो जिम्वेवारी प्रति सजग र उत्तरदायी हुन मद्दत पुर्याउँछ । वकालत एक किसिमले सेवा लिने र दिने कार्यमा सहजीकरण गर्ने प्रकृया हो । विपद् व्यवस्थापनमा यसको ठूलो महत्व हुन्छ ।

विपद् व्यबस्थापन चक्रका सबै चरणहरू अर्थात तयारी, प्रतिकार्य र पुनस्थापना सबैमा सञ्चार सीपले महत्वपूर्ण भूमिका खेल्दछ ।




## ४.१ सञ्चार सीप

पुनस्थापना पुनर्निर्माण पुनरुद्दार आदि सबै चरणहरूमा वकालत सीपको जरुरत पर्दछ यसका लागि सूचना तथा सञ्चारको विशेष महत्व छ । त्यसैले विपद् व्यवस्थापनमा उचित समयमा उचित तरिकाले सञ्चार समन्वयको व्यवस्था मिलाउन जरुरी हुन्छ । जसलाई सञ्चार सीप भनिन्छ ।

### सञ्चारको आवश्यकता किन पर्दछ ?

सञ्चारको काम सूचनाहरु दिनु हो । विपद्को अवस्थामा असजिलोमा परेका मानिसहरूलाई आवश्यक सूचनाहरू दिन, सहयोग प्राप्त गर्न, सहयोगका लागि तयार हुन, विभिन्न सहयोगी निकायहरूलाई मानवीय सहयोगको लागि विभिन्न चरणमा गरिने क्रियाकलापहरूको सम्बन्धमा समन्वय गर्न सहयोगका कार्यहरूलाई प्रभावकारी बनाउन सञ्चार सीपको आवश्यकता पर्दछ ।

### सञ्चारलाई कसरी प्रभावकारी बनाउने ?

विपद्को अवस्थामा सञ्चारलाई प्रभावकारी बनाउन निम्न क्रियाकलापहरू सञ्चालन गर्न जरूरी छ । जस्तैः

- स्पष्ट र दुरूस्त सूचना दिने
- ठिक समयमा सूचना दिने
- पारदर्शी हुने
- सूचना सञ्चार गर्दा सास्कृतिक विविधतालाई ध्यान दिने
- सूचनामा अद्यावधिक हुने
- सम्पर्क व्यक्ति चयन गरी सञ्चार सूचना गर्ने
- आधिकारिक स्रोतबाट लिइएका सूचनालाई आधार मान्ने । विनाआधार सूचना सञ्चार नगर्ने
- नियमित रूपमा सूचना प्रवाह गर्ने



**विपद्मा प्रयोग गर्न सकिने सञ्चारका माध्यमहरू के–के हुन सक्दछन्  ?**

- सामाजिक सञ्जालका माध्यमहरू
- रेडियो एफ.एम. हरू
- मोवाइल फोनहरू
- मोवाइल एप्लिकेशनहरू
- मुखैले भनेर पनि कतिपय कुराहरू सञ्चार गर्न सकिन्छ ।

**सञ्चारका लागि समन्वय गर्नुपर्ने वा गर्न सकिने निकायहरू :**

- विपद् व्यवस्थापन टिम
- स्थानीय (टोल, वडा, गाँउ, नगरस्तर) विपद् व्यवस्थापन समिति
- जिल्ला विपद् व्यवस्थापन समिति
- प्रदेश विपद् व्यवस्थापन समिति
- संघीय विपद् व्यवस्थापन समिति
- सरकारी, निजी तथा गैह्र सरकारी क्षेत्र
- स्वयंसेवक समूहहरु, क्लबहरु आदि ।

**कहिले कहिले सूचना सञ्चार गर्ने  ?**

**क) प्रकोप वा विपद् अगाडि**

विपद्को कुनै पनि समस्या आउनु अगाडि नै त्यस सम्बन्धमा सावधानी अपनाउनुले विपद्बाट निम्तिन सक्ने समस्याहरूलाई न्युनीकरण गर्न सकिन्छ । प्रकोपको सम्बन्धमा पनि घटना हुनु भन्दा अगाडि नै सचेत गराउनु र रोकथामका उपायहरूको जानकारी गराउनु जरूरी हुन्छ ।

**ख) घटना भएको बेलामा**

विपद्का घटना भएको बेलामा गरिने सञ्चारले विपद्लाई व्यवस्थित गर्न, प्रभावित मानिसहरूलाई सावधान गराउन तथा आश्वस्त पार्न, झुठा हल्लाहरूको पछाडि लाग्न नदिन, उद्धार क्रियाकलापहरूमा समन्वय गर्न र क्षतिको यकिन विवरण उतार्न मद्धत गर्दछ । त्यसैले घटना भएको बेलामा पनि सूचना सञ्चारका कार्य हुनुपर्दछ ।

**ग) पुनस्थापन तथा पुनरूद्धारका कार्यमा**

प्रकोपको घटनाहरू घटिसकेपछि पुनस्थापन तथा पुनरूद्धारका लागि पनि आवश्यक सञ्चार जरूरी छ । यसले पुनस्थापना तथा पुनरूद्धारमा मानिसहरूको सहभागिता गर्न, पुनस्थापन कार्यमा प्रभावित पक्षको पहुँच पु¥याउन, सहयोगी निकायहरूलाई सहयोगको आधार तयार गर्न, पुनस्थापना तथा पुनरूद्धारको योजनाहरू बनाउन र त्यसको प्रभावकारी कार्यन्वयन गर्न सहयोग पुग्दछ ।

## ४.३ मानवीय कार्यमा स्वयंसेवकको भूमिका

स्वतःस्फूर्त रूपमा कुनै व्यक्तिगत लाभ समेत नलिई सामाजिक तथा माननीय कार्यमा लाग्ने काम नै स्वयंसेवा हो । यसरी सेवा गर्ने व्यक्तिहरुलाई स्वयंसेवक भनिन्छ । स्वयंसेवा एउटा मानवीय घर्म हो । सामाजिक विकास सामाजिक सदभाव र शान्तिका लागि स्वयंसेवाले महत्वपूर्ण भूमिका खेल्न सम्दछ ।

विपद्का घटनाहरूमा स्वयंसेवाको झन् धेरै महत्व छ । विपद्का घटना घटनु भन्दा अगावै विपद्वाट हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न स्वयंसेवीहरूले ठूलो योगदान पुर्याउन सम्दछन् । जन चेतना विस्तार

गर्न, विपद् भैरहेको बेलामा तथा विपद् पछि पुनस्थापन तथा पुनरूद्धारका कार्यको लागि योजना बनाउन पनि स्वयंसेवकहरूको ठूलो भूमिका हुन सक्दछ । स्वयंसेवाका कामहरूलाई प्रभावकारी बनाउन स्वसंसेवीहरूको समूह निर्माण गर्न सकिन्छ ।

स्थानीय समुदाय स्तरमा नै स्वसंसेवी समूहहरु बन्न सक्दछन् । यस्ता स्वयसेवी समूहहरूले विपद् व्यवस्थापन कार्यमा खटिने निम्न सबै पक्षहरूसँग समन्वय गरी कार्य गर्नुपर्दछ वा गर्न सक्दछन् । जस्तैः

- स्थानीय स्तरमा गठित विपद् व्यवस्थापन टिम ।
- विपद् व्यवस्थापनमा संलग्न युवा तथा महिला समूहहरू ।
- सहयोगी निकायहरू, जस्तै सेना, प्रहरी, उद्दार दलका अन्य सदस्यहरू ।
- उपचारमा संलग्न चिकित्सकहरू ।
- सूचना सञ्चार कर्मीहरू ।

**विपद् व्यपवस्थापनमा स्वयंसेवकहरूले गर्ने वा गर्नसक्ने मुख्य कार्यहरू :**

- विपद् व्यवस्थापन कार्ययोजना निर्माणमा सघाउने ।
- विपद् व्यवस्थापनका कोषहरू निर्माण गर्ने ।
- सचेतनाका कार्यहरू गर्ने ।
- आकस्मिक अवस्थाका लागि आवश्यक पर्ने सामग्रीहरूको व्यवस्था गर्ने ।
- घाइतेहरू बालबालिका बिरामी तथा महिलाहरूलाई सुरक्षित स्थानमा लैजाने ।
- औषधि तथा पानीको वितरण गर्ने ।
- राहत सामग्रीहरूको वितरण गर्ने ।
- भिड नियन्त्रण गर्ने

**स्वयंसेवी समुहहरूसँग हुनुपर्ने गुणहरू**

- स्वतःस्फुर्त भावनाले सेवागर्नु पर्दछ ।
- पक्षपात वा विभेदरहित व्यवहार हुनुपर्छ ।
- आफ्नो जिम्मेवारीप्रति पुर्ण जिमवेवार र उत्तरदायी हुनुपर्दछ ।
- पारदर्शी व्यवहार हुनुपर्दछ ।
- धेरै गर्न सक्ने हुनपर्दछ । आवेगात्मक वा संवेगात्मक (इमोसनल) हुनुहुँदैन ।
- शारीरिक र मानसिक हिसाबले तन्दुरुस्त हुनुपर्छ ।
- विपद् व्यवस्थापन सम्बन्धी आधारभूत ज्ञान सीप हुनुपर्छ ।
- परिस्थितिको विश्लेषण गर्न सक्ने खुवी हुनुपर्दछ ।

## ४.४ समुदायमा सचेतना कार्यक्रमका लागि कार्ययोजना

सचेतना भनेको, ज्ञान दिने, शिक्षित गराउने केही कुराको जानकारी दिने कुरा हो । यसले समुदायलाई सचेत र सशक्तीकरण गर्दछ । विपद् जोखिममा सचेतनाको ठूलो भूमिका रहन्छ । जोखिम व्यवस्थापनमा यसको न्यूनीकरण कार्यलाई विशेष महत्व दिइएको हुनाले र सचेतना कार्यक्रमले जोखिम न्यूनीकरण कार्यमा विशेष योगदान दिन सक्ने हुनाले सचेतना कार्यक्रमलाई यसमा अझ धेरै महत्व दिइएको छ । यो सचेतनापूर्वको

सावधानी वा चेतावनी प्रणाली पनि हो । सचेतना कार्यक्रमलाई प्रभावकारी बनाउन त्यसको दुरूस्त योजना बनाउनु पर्दछ ।

**सचेतना कार्यक्रम कार्य योजनाको महत्व :**

- यस्तो कार्ययोजनाले मानवीय तथा भौतिक क्षति घटाउन मद्दत गर्छ ।
- जोखिमलाई न्यूनीकरण गर्न र घाइते हुनेहरूको संख्या घटाउन सहयोग गर्दछ ।
- घटना भएको अवस्थामा प्रतिकार्यका लागि पूर्ण तयार हुन सहयोग गर्दछ ।
- विपद् व्यवस्थापन चक्रका सबै चरणहरूका कार्यहरूलाई व्यवस्थित गर्न सजिलो हुन्छ ।

सचेतना नै विपद्का घटनाहरूलाई न्यूनीकरण तथा व्यवस्थापन गर्न सघाउने मुख्य माध्यम हो । सचेतनाको राम्रो योजना गर्न सकेमा र त्यसको सही कार्यान्वयन गर्न सकेमा धन जनको क्षति कम हुनसक्दछ ।

**सचेतना कार्यक्रमको योजना गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्न अनुसार रहेका छन् :**

- विपद् जोखिमको अनुमान गरिएको अवस्था कुन हो त्यसको आँकलन गर्ने ।
- क्रियाकलापहरू के के गर्ने ? कहाँ कहाँ गर्ने ? त्यसको यकिन गर्ने ।
- कार्यान्वयनमा को को जिम्मेवार तथा उत्तरदायी हुने हुन् तिनको पहिचान वा निर्धारण गर्ने ।
- सहयोगीहरू को को हुने हुन् निर्धारण गर्ने ।
- उपलब्ध मानवीय तथा आर्थिक स्रोतहरू के के हुन् स्पष्ट हुने ।
- कार्यान्वयनको सफलता मापन गर्ने आधार वा सूचकहरू के के हुन् स्पष्ट गर्ने ।

**सचेतना कार्यक्रमको योजना गर्दा गर्नुपर्ने कार्यहरू :**

- स्थानीय विपद् व्यवस्थापन टिमसँग समन्वय गर्ने ।
- स्थानीय सञ्चार माध्यमका मानिसहरूलाई समावेश गराउने ।
- स्थानीय विद्यालयका विद्यार्थीहरू, युवा क्लवहरू, स्वयंसेवी समूहहरू आदिलाई समावेश गराउने ।
- स्थानीय व्यापारी तथा संभाव्य सहयोगी व्यक्ति तथा संस्थाहरूलाई समावेश गराउने ।
- कहाँ कहाँबाट सूचना तथा जानकारीहरू प्रवाह गर्ने हो त्यसको तालिका बनाउने
- आकस्मिक सहयोगका सामग्रीहरू बनाउने मानिसहरूलाई सम्पर्क गर्ने ।
- वेभ साईटहरूमा सूचनाहरू राख्ने ।

योजना तर्जुमा गर्दा समुदायका महिला, सीमान्ताकृत वर्ग, बुढापाका, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति समेत सबै वर्गलाई समेटेर छलफल गर्नु प्रभावकारी हुन्छ ।

## ४.५ विपद् व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था

नेपालको संविधान २०७२ को अनुसूची ८ ले विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनको जिम्मेवार स्थानीय तहलाई बनाएको छ । त्यस्तै अनुसूची ९ ले विपद्को स्तर हेरी त्यसको व्यवस्थापनमा संघ प्रदेश र स्थानीय तहलाई सामुहिक दायित्वको जिम्मेवारी दिने व्यवस्था गरेको छ । त्यस अनुरुप विपद् जोखिम न्यूनीकरण गर्न र विपद्को व्यवस्थापन गर्न स्थानीय तह सक्षम हुनु जरुरी छ ।

विपद् व्यवस्थापनका लागि विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐन २०७४ बनेको छ । विपद् पूर्वतयारी र प्रतिकार्य योजना निर्देशिका २०६७ को व्यवस्था छ । जिल्ला, स्थानीय गाउँपालिका तथा नगरपालिकामा विपद् व्यवस्थापन सम्वन्धी कोषहरुको समेत व्यवस्था भएको छ । संघमा गृहमन्त्रालयबाट विपद् व्यवस्थापन

सम्बन्धी कार्यहरुको आवश्यक व्यवस्था नीति नियमहरुको तर्जुमा विपद्का कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन आदि गरिएका हुन्छन् । विपद् व्यवस्थापनको संगठनात्मक स्वरुप निम्न अनुसार रहेको छ ।

क) राष्ट्रिय विपद् व्यवस्थापन समिति

ख) क्षेत्रीय/प्रदेश विपद् व्यवस्थापन समिति

ग) जिल्ला विपद् व्यवस्थापन समिति

घ) स्थानीय विपद् व्यवस्थापन समिति

**विपद् व्यवस्थापनमा स्थानीय तहको भूमिका :**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४को परिच्छेद ७ को दफा १७ र स्थानीय सरकार सञ्चालन ऐन २०७४को ११ को उपदफा २ को (न) मा स्थानीय विपद् व्यवस्थापन समितिको भूमिका र जिम्मेवारी पारिएको छ । जसमा स्थानीय गाउँ नगरपालिकाको भूमिका निम्नअनुसार निर्धारण गरिएको छ ।

- स्थानीय समुदाय वा वडास्तर देखि नै स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्ने ।
- विपद् व्यवस्थापन कोषको स्थापना, प्रतिकार्य र पूर्नलाभको कार्य परिचालन गर्ने ।
- स्थानीय तहको विपद् तर्जुमा गर्ने ।
- संभावित विपद्को प्रभावकारी रोकथाम तथा पूर्व तयारी गर्ने ।
- उद्दार, राहत वितरण आश्रयस्थल निर्माण गर्ने ।

## ४.६ सत्रको निष्कर्ष

हवस् त, मानवीय सहायतामा वकालत तथा सञ्चार सीप, मानवीय सहायतामा स्वयंसेवकको भूमिका, विपद् सचेतना कार्यक्रमका लागि कार्ययोजना निर्माण जस्ता विषयहरुको साथ साथै चौथो सत्र पनि पूरा भएको छ । यस सत्रमा तपाँईले विपद्को अवस्थामा कसरी सूचना सञ्चार गर्ने र स्वयंसेवकहरुले के कसरी सहयोग गर्न सक्दछन् भन्ने कुराहरुका साथै विपद् वा प्रकोप सम्बन्धी सचेतनाका लागि कार्ययोजना कसरी गर्ने भन्ने कुराहरु पनि सिक्नुभएको छ । यो सिकाइले विपद् व्यवस्थापनमा तपाँईलाई सहयोग पुग्नेछ भन्ने हामीलाई विश्वास लागेको छ ।

यस सत्रमा तपाँईले सिक्नु भएका कुराहरू फेरि एकपटक संझनुहोस् ।

- मानवीय कार्यका लागि सरोकारवाला निकायहरूलाई आफ्ना जिम्वेवारी पुरा गर्न झक्झक्याउने र सर्वसाधारण नागरिकहरूलाई सेवामा पहुँच पुर्याउन सहयोग गर्ने कार्यहरू नै वकालत सीप हो ।
- विपद्का कार्यहरुमा नागरिक सचेतनाका लागि सूचना सञ्चारको ठूलो महत्व हुन्छ ।
- विपद् व्यवस्थापनका कार्यमा सम्वन्धित सबै व्यक्ति, संस्थाहरुसँग राम्रो समन्वय कायम गर्नुपर्दछ ।
- विपद् व्यवस्थापनमा स्वयंसेवी समूहहरुले उल्लेखनीय योगदान पुर्याउन सक्दछन् ।
- विपद् सचेतना कार्यका लागि स्पष्ट कार्ययोजना बनाउनु पर्दछ र त्यसमा समुदायका महिला, सीमान्तकृत वर्ग, बुढापाका, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति समेत सबै वर्गलाई समेटेर छलफल गर्नुपर्दछ ।

## ४.६ सिकाइ परीक्षण

तलका वैकल्पिक जवाफहरु मध्ये सबैभन्दा उपयुक्त जवाफमा ठीक चिन्ह (✓) लगाउनु होस् ।

**१. मानवीय सहायतामा वकालत सीप भनेको के हो ?**

क) सहायता टिमसँग समन्वय गर्ने सीप

ख) सम्वन्धित व्यक्तिलाई सूचना दिने सीप

ग) मानवीय कार्यमा सरोकारवालालाई सचेत गराउने सीप

घ) माथिका कुनैपनि ठीक होइनन्

**२. विपद्मा सञ्चारको काम के हो ?**

क) राहत सामग्रीहरु बाढ्नु

ख) मानिसहरुको भेला गर्नु

ग) आवश्यक सूचनाहरुको प्रवाह गर्नु

घ) विपद् टिम सँग समन्वय गर्नु

**३. स्वयंसेवी टिमले विपद् व्यवस्थापनमा के के गर्न सक्दछन् ?**

क) विपद् व्यवस्थापनको योजना बनाउन

ख) घाइतेहरुलाई सुरक्षित स्थानमा लैजान

ग) औषधी पानीको वितरण गर्न

घ) माथिका सबैकार्य गर्न

**४. विपद् सम्बन्धी सञ्चार गर्दा के गर्न हुँदैन ?**

क) विपद्का यथार्थ अवस्था बताउन

ख) प्रभावितहरुलाई झुट्टा आश्वासन दिन

ग) सहयोगी निकायहरुको जानकारी दिन

घ) समुदायको संस्कृति र परम्परालाई सम्मान गर्न

**५. विपद् सचेतना कार्ययोजनाको मुख्य काम के हो ?**

क) उद्दार सामग्री जुटाउने ।

ख) विपद् जोखिम न्यूनीकरण गर्ने

ग) पुन निर्माणका कामहरु गर्ने

घ) महिला तथा युवाहरुलाई सक्षम बनाउने

—ooo—

सत्र ५

# प्रस्तुतकर्ताको निष्कर्ष

हवस् त, हामीले मानवीय सहायतामा युवाको नेतृत्व सम्बन्धी यस पाठ्यक्रममा विपद् र यसको व्यवस्थापन सम्वन्धी चारवटा विभिन्न सत्रहरुको माध्यमबाट थुप्रै विषयवस्तुहरुको जानकारी गराएका छौ । तपाईहरुले संभ्रुनुभएकै होला कि यी सत्रहरुमा विपद्को परिचय, यसका प्रकारहरु, मानवीय सहायताका अवधारणा र सिद्धान्तहरु, मानवीय सहायताका सन्दर्भमा जवाफदेहिता, शक्ति हस्तान्तरण, विपद्मा मानवीय कार्यहरुमा युवाहरुको नेतृत्व, स्वास्थ सुरक्षा तथा वातावरण, मानवीय कार्यहरुमा स्वयंसेवकको भूमिका, विपद् व्यवस्थापनमा सूचना सञ्चार, विपद् सचेचनाका लागि कार्ययोजना, विपद व्यवस्थापन सम्वन्धी नीतिगत व्यवस्थाहरु बारेमा हामीले धेरै चर्चा गरेक गरेका छौं । यी नै विषयवस्तुको साथसाथै यो पाठ्यक्रम र यस अन्तरगतका सबै सत्रहरुका विषयहरुको प्रस्तुतीकरणको कार्य समाप्त भएको छ ।

प्रस्तुत विषयहरुले तपाँईहरुलाई विपद् सम्वन्धी जानकारी हुनुका साथै मुख्य रुपमा प्राकृतिक तथा मानवीय कारणले सिर्जना हुने विपदहरुलाई छुट्याउन सजिलो हुनेछ । विपद्पूर्वको, विपद् (प्रकोप) का घटनाहरु भैरहेका तथा प्रकोप पछिको तीनवटै अवस्थामा गर्नुपर्ने क्रमशः रोकथाम, प्रतिकार्य तथा पुनस्थापनकमा कार्यहरुको व्यवस्थापन गर्न पनि सजिलो हुनेछ । विपद् व्यवस्थापनमा मानवीय सहायताको अवधारणले निष्पक्षरुपमा मानवीय कार्यमा जुट्न अभिप्रेरित गर्नेछ ।

विपद् व्यवस्थापनका कार्यहरुमा जिम्मेवारिता र जवाफदेहिताको विकास गर्न तथा कार्यजिम्मेवारीहरुको बाँडफाँड गरी विपद् व्यवस्थापनका कार्यहरु सम्पादन गर्न पनि सहयोग हुनेछ । विपद् व्यवस्थापन कार्यहरुमा युवाहरुले पुर्याउन सक्ने योगदानहरुको बारेमा जानकारी हुनुका साथै त्यस्ता कार्यहरुमा युवा तथा महिलाहरुको नेतृत्व विकास, गर्न, सहभागिता सुनिश्चित गर्न र सहभागिता बढाउन सजिलो हुनेछ । विपदका कार्यहरुमा स्वस्फूर्तरुपमा स्वयंसेवी भै सहयोग गर्न पुर्याउन उत्साहित गर्नेछ । विपद्का अवस्थामा स्वास्थ, तथा वातावरणको सुरक्षा गर्न सहयोग गर्नेछ । विपद् व्यवस्थापन सम्वन्धी नीतिगत व्यवस्थाको आधारमा सम्वन्धित सरोकारवाला संघसंस्थाहरुसँग समन्वय विकास गर्न पनि सजिलो हुनेछ ।

प्रस्तुत विषयहरुको जानकारीको माध्यमले विपद्को न्यूनीकरण तथा व्यवस्थापन कार्यमा तपाँईहरुलाई सफलता मिलोस् भन्ने शुभकामना समेत व्यक्त गर्दै यस पाठ्यक्रमको प्रस्तुतिबाट बिदा माग्न चाहन्छौं । यस पछि हामी प्रस्तुत विषयवस्तुहरुबाट विपद् र यसको व्यवस्थापन सम्वन्धमा तपाँईहरुमा के कति सिकाइ भयो भन्ने कुरा पत्ता लगाउन हरेक सत्रहरु पछि सिकाइ परीक्षण गरे झै अब हामी सबै सत्रहरुको अन्तिम परीक्षा लिनेछौं । परीक्षमा सहभागी भै सकेसम्म धेरै अंक पाउने कोसिस गर्नुहोला । कार्यक्रममा पूर्णरुपमा सहभागी हुनु भएकोमा धेरै धेरै धन्यवाद छ ।

# अन्तिम सिकाइ परीक्षण

सत्र ६

तपाँईहरुलाई मानवीय सहायतामा युवाको नेतृत्व सम्बन्धी यस पाठ्यक्रमको अन्तिम सिकाइ परीक्षणमा स्वागत छ । हरेक सत्रको प्रस्तुतिको अन्त्यमा तपाँईका सिकाइको परीक्षा गरिएको थियो । अब भने हामी सबै सत्रहरुको अन्तिममा तपाँईको अन्तिम सिकाइ परीक्षणको लागि तयार हुन अनुरोध गर्दछौं । अन्तिम सिकाइ परीक्षामा जम्मा २० वटा बहु बैकल्पिक प्रश्नहरु छन् । ती प्रश्नहरुमा दिइएका बैकल्पिक जवाफहरुमध्ये तपाँईले सबभन्दा उपयुक्त जवाफमा ठीक चिन्ह (✓) लगाउनु पर्नेछ । परीक्षामा केही जोडा मिलाउने प्रश्नहरु पनि राखिएका छन् । तिनलाई राम्ररी अध्ययन गरी उपयुक्त जवाफमा जोडा मिलाउनु होला ।

जवाफहरु दिन ................................................ विधिको प्रयोग गर्नुहोस् । जसमा तपाँईले ................ .................................... गर्नुपर्नेछ । त्यसबाट तपाँई स्वयंले आफूले छानेको जवाफ सही भयो भएन पत्ता लगाउन सक्नुहुनेछ । सबै प्रश्नहरुको जवाफ पछि तपाँईको कुल प्राप्त अंक देखिनेछ । त्यसैको आधारमा तपाँईको सिकाइको अन्तिम मूल्यांकन हुनेछ र सोही आधारमा सिकाइको प्रमाणीकरण गरिनेछ । अब .......................... गरी तलको परीक्षमा सहभागी हुनुहोस् ।

**१. भूकम्प अतिवृष्टि खडेरी जस्ता घटनाहरु .................कारणले हुने विपद्हरु हुन् ।**

क) प्राकृतिक    ख) मानवीय

**२. तलका मध्ये कुनचाँहि भौगर्भिक प्रकोप हो ?**

क) हुलदंगा    ख) हिमपात

ग) महामारी    घ) ज्वालामुखी

**३) प्राकृतिक वा मानवीय कारणले धन, जन र वातावरणीय क्षति हुने अवस्थालाई ...............भनिन्छ ।**

क) गरिवीको अवस्था    ख) विपद्को अवस्था

**४) विपद्ले निम्त्याउने असर हो ।**

क) धन जनको क्षति    ख) भोकमरी    ग) माथिका दुबै

**५) जोडा मिलाउनु होस् ।**

| | | | |
|---|---|---|---|
| क) | विदपको रोकथाम | (क) | भत्केका संरचनाहरुको पुनर्निर्माण |
| ख) | विपद्को प्रतिकाय | (ख) | जनचेतना विस्तार |
| ग) | पुनर्स्थापन | (ग) | तत्काल उद्दार |

**६) तलका मध्ये कुनचाँहि ठीक हो ?**

**विपद्मा महिलाहरुले :**

क) उद्दारकार्यमा सहभागिता गर्न सक्दछन् ।

ख) समूह बनाई स्वयंसेवा गर्न सक्दछन् ।

ग) माथिका दुवै ठीक हुन् ।

**७. तलका मध्ये कुनचाँहि युवाहरुको असल गुणमा पर्दैन ।**

क) जिम्मेवारीप्रति उत्तरदायी  ख) आफ्नो मात्र फाइदा हेर्ने

ग) मानवीय भावना  घ) उर्जाशीलता

**८. मानवीय सहायतामा वकालत सीप भनेको ................ हो ।**

क) नागरिकहरुलाई अधिकारको बारेमा सूसुचित गराउने

ख) राहतका सामग्रीहरुको वितरण गर्ने ।

ग) पुनर्निर्माणमा सहयोग गर्ने

घ) विपद् व्यवस्थापनको योजना बनाउने

**९) स्वयंसेवा भनेको ................ हो ।**

क) काम गरेर ज्याला लिने काम ।  ख) वाध्यताले गरिने काम ।

ग) कुनै व्यक्तिगत लाभको आश नगरी स्वःस्फुर्त रुपमा सेवा गर्ने काम

**१०) तलका मध्ये स्वयंसेवी समूहरुसँग हुनुपर्ने गुण कुन होइन ?**

क) पारदर्शी व्यवहार

ख) निस्पक्षता

ग) शारीरिक र मानसिक हिसाबले तन्दुरुस्त

घ) व्यक्तिगत लाभको भावना

**११. विपद्मा प्रयोग गर्न सकिने सञ्चारमाध्यमहरु के के हुन् ?**

क) रेडियो  ख) मोबाइल फोन

ग) टेलिभिजन  घ) माथिका सबै

**१२. जोडा मिलाउनुहोस्**

| | | | |
|---|---|---|---|
| क) | स्वयंसेवा | क) | सूचना तथा जानकारी दिने काम |
| ख) | जनचेतना | ख) | सबैप्रति समान व्यवहार |
| ग) | निस्पक्षता | ग) | स्वस्फूर्त रुपमा इच्छाले गर्ने काम |

**१३. महिलाहरुको नेतृत्व सम्वन्धी एक्सन एडका दश सिद्धान्तहरुमा तलको कुन कुरा पर्दैन ?**

क) साहस  ख) समावेशीता

ग) अध्ययनशीलता  घ) शून्य सहनशीलता

**१४. विपद् व्यवस्थापनको योजना गर्दा ध्यानदिनुपर्ने कुराहरु के के हुन् ?**

क) विपद् जोखिमको आँकलन गर्ने

ख) सहयोगीहरुको निर्धारण गर्ने

ग) आर्थिक स्रोतहरुको बारेमा स्पष्ट हुने

घ) माथिका सबै ठीक हुन् ।

**१५. विपद् जोखिम न्यूनीकरण व्यवस्थापन ऐन कहिले बनेको हो ?**

क) वि.सं. २०६५ मा　　ख) वि.सं. २०७४ मा

ग) वि.सं. २०७१ मा　　घ) वि.सं. २०५५ मा

**१६. विपद् भनेको के हो ?**

क) जन धनको क्षति गराउने गम्भीर प्रकोपजन्य घटना हो ।

ख) कहिले काँही परिआउने समस्या हो ।

ग) गरिबी र अभाव हो ।

**१७. तलका कुनचाँहि महिलाहरुले गर्न नसक्ने काम हो ?**

क) जनचेतना विस्तार　　ख) बच्चा जन्माउने

ग) विरामीहरुको हेरचाह　　घ) गर्भधारण गराउने

**१८. महिलाहरुको नेतृत्व सम्वन्धी एक्सन एडका ........ वटा सिद्धान्तहरु छन् ?**

क) ८ वटा　　ख) १० वटा　　ग) १२ वटा

**१९. विपद् व्यवस्थापनमा पर्ने कुरा कुन हो ?**

क) मानिसहरुको क्षमता विकास

ख) विपद् व्यवस्थापनको योजना बनाउने

ग) माथिका दुवै

**२०. विपद् व्यवस्थापन समितिको तल्लो तह कुन हो ?**

क) राष्ट्रिय विपद् व्यवस्थापन समिति

ख) स्थानीय विपद् व्यवस्थापन समिति

ग) जिल्ला विपद् व्यवस्थापन समिति

घ) क्षेत्रीय/प्रदेश विपद् व्यवस्थापन समिति

अन्तिम सिकाइ परीक्षामा सहभागी हुनु भएकोमा धन्यवाद छ । सोधिएका २० प्रश्नहरु मध्ये तपाँईले वटा जवाफहरु मिलाई कुल ..... अंक पाउनुभयो । जवाफको आधारमा प्रस्तुत विषयहरुमा तपाँईको दक्षता सामान्य / मध्यम / उत्तम देखियो । तपाँईलाई बधाई छ/तपाँईले पुनः विषयवस्तुलाई एकपटक दोहोर्याउनु होला र अंक बढाउन प्रयास गर्नुहोला । शुभ कामना/धन्यवाद ।

—ooo—




आकस्मिक सहयोग वितरण कार्यक्रम
स्थान: बाँशीघाट, काठमाडौं मिति: २०८१, असोज १५ गते
पारदर्शिता तथा जवाफदेहीता बोर्ड
feedback.nepal@actionaid.org
mahilaekata@gmail.com
actionaid

**राष्ट्रिय कार्यालय**
अप्सरा मार्ग, लाजिम्पाट
वडा नं. ३, काठमाडौं, नेपाल
पोष्ट बक्स नं. ६२५७
टेलिफोनः +९७७ (०१) ४००२१७७
इमेलः mail.nepal@actionaid.org

nepal.actionaid.org
www.facebook.com/actionaid.nep
www.x.com/@actionaidnep
ActionAid Nepal